# *रजिस्टर्ड अडिटर सदस्य एवं साना तथा मझौला संस्थाका एकाउन्टेन्टहरुको लागी*

# लेखा नीति तथा टिप्पणी कसरी तयार गर्ने?

Mukunda Dev Adhikari, FCA, ADIT
International Tax Affiliate, CIOT (UK)

1 April, 2018

## छलफलका विषयहरु

- वित्तीय विवरणको परिचय
- लेखा नीति एवं टिप्पणीहरु के का आधारमा तयार गर्ने?
- लेखा नीतिसम्बन्धि व्यवहारीक प्रश्नहरु
- लेखा नीति एवं टिप्पणीका केही उदाहरणहरु

# वित्तीय विवरणको परिचय

# Components of Financial Statement

- Statement of Financial Position
- Income Statement and Statement of other comprehensive income
- Cash Flow Statement
- Statement of Changes in Equity
- Notes to Accounts and Accounting Policies

वित्तीय विवरणमा माथीका प्रत्येक अंश अनिवार्य हुनु पर्दछ ।

# वित्तीय विवरण प्रतिको जिम्मेवारी कसको?

- Responsibility lies with management.
- Should be approved by person charged with governance before auditor’s signature.
  - Board of Directors
  - Trustees
  - Partners
  - Proprietor

अडिटरले वित्तीय विवरणमा यस्तो राखेर गल्ति गर्दिनु भएछ भन्न पाइन्छ?

# लेखा नीति एवं टिप्पणीहरु के का आधारमा तयार गर्ने?

# लेखामान कसले तयार एवं जारी गर्दछ?

- IFAC ले जारी गरे / अनुरुप नेपाल लेखामान बोर्डले तयार गर्दछ ।
- नेपाल लेखामान बोर्डको सिफारिस अनुरुप नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाले तोकेका दिन देखि लागु हुन्छ ।
- नेपाल लेखमान अनुरुप वित्तीय विवरण तयार गरिन्छ ।

# नेपाल लेखामान- अनिबार्य / ऐच्छिक

- कानुनतः कम्पनीको हकमा मात्र लेखा राख्दा नेपाल लेखामान अनिबार्य हुन्छ,
- अन्य निकायहरु जस्तै सहकारी, साझेदारी, एकलौटी फर्मको लेखा राख्दा कानुनतः लेखामान अनिबार्य हुदैन ।
- तर, वित्तिय विबरण सबैले बुझ्न सकुन, तुलनात्मक अध्ययन गर्दा सजिलो होस भनेर त्यस्ता निकायको लेखा राख्दा लेखामान ऐच्छिक रुपमा स्विकार गर्न सकिन्छ ।

# नेपाल लेखामान- अनिबार्य / ऐच्छिक

- आयकर ऐनको दफा २२ ले आयकर प्रयोजनका लागि ऐनले तोकेको आधारमा लेखांकन गर्नुपर्ने र नतोकिएको अवस्थामा लेखाको सामान्य प्रचलित सिद्दान्त अनुसार गर्नुपर्ने भनि व्यवस्था गरेको र नेपाल लेखामानलाई नै लेखाको सामान्य प्रचलित सिद्दान्त लिइने भएकाले कम्पनी बाहेकका फर्म, निकाय आदिले समेत नेपाल लेखामान अनुसार लेखा राख्नु उपर्युक्त हुन्छ ।

## लेखानीति के हो?

- लेखा नीति सम्पत्ति, दायित्व, आम्दानी खर्च आदिको लेखांकन गर्न एवं वित्तीय विवरण तयार गर्न लिईने सिद्धान्त एवं आधारहरु हुन□ जस्तै:
  - आम्दानीको लेखांकन कुन बेला गर्ने?
  - सम्पत्तिको ह्रासकट्टी दर के आधारमा निर्धारण गर्ने
- लेखानीति सालै पिच्छे परिवर्तनशिल हुदैन ।
- लेखानीति परिवर्तनको लेखांकन पश्चातदर्शी सिद्धान्त अनुरुप गर्नुपर्दछ ।
- लेखानीति र लेखा अनुमान फरक हुन□

# लेखा नीति सम्बन्धि व्यवहारीक प्रश्नहरु

# व्यवहारीक प्रश्नहरु

- लेखा नीति बेगरको वित्तीय विवरणमा अडिटरले राय दिन मिल्छ?
  - मिल्दैन ।
  - Disclaimer Opinion दिनु पर्दछ अर्थात राय दिन सकिएन भन्नु पर्दछ ।

# व्यवहारीक प्रश्नहरु

- के लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरु लेखा परीक्षकले तयार गर्ने हो ?
  - होइन ।
  - अहिले पनि केहि अपबाद बाहेक वासलात, आय विवरण, नगद प्रबाह विवरण र ईक्विटिमा भएको परिबर्तनको विवरण ब्यबस्थापनले तयार गरे पनि लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरु बनाउने काम लेखापरिक्षकको हो भन्ने भ्रम रहेको पाईन्छ ।
  - माथि उल्लेख भएका पाँच वटै अंश, वित्तीय विवरणको अनिवार्य हिस्सा भएको हुनाले लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीको तयारी गर्ने जिम्मेवारी समेत ब्यबस्थापनमा रहेको छ ।

https://nepaltaxonline.com

# व्यवहारीक प्रश्नहरु

- लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरुमा क कसले हस्ताक्षर गर्नु पर्छ ?

  लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरुमा ब्यबस्थापनको हस्ताक्षर हुनु नपर्ने, लेखापरिक्षकको हस्ताक्षर भए मात्र पुग्ने समेत बुझाई रहेको छ । यो सहि होइन, किनकी, बित्तिय विवरणको एक महत्वपुर्ण अंश भनेको लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरु पनि हुन▯| लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणी पढेर नै लेखापरीक्षकले सो वित्तीय विवरण व्यवस्थापनले कसरी तयार गरेको हो भनि बुझ्दछ । पुर्ण वित्तिय विवरणको यो अनिबार्य हिस्सा हो । त्यसैले पुर्ण वित्तिय विवरण बनाउने जिम्मेवारी भएको ब्यबस्थापनलै लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरु पनि आफैले तयारी गरि अनिबार्य हस्ताक्षर गर्नुपर्ने हुन्छ ।

# व्यवहारीक प्रश्नहरु

- के लेखा परीक्षकले लेखा परिक्षणको दौरान फेला परेका कैफियतहरु लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरु मा समाबेश गर्ने हो ?

  लेखा परिक्षणको दौरान फेला परेका कैफियतहरु लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरुमा खुलाए आफ्नो दायित्वबाट मुक्ति भएको भ्रम पनि लेखापरिक्षकहरुमा रहेको पाईन्छ । जुन सरासर गलत हो । माथी उल्लेख भए बमोजिम लेखा सम्बन्धि नीति तथा ब्याख्यात्मक टिप्पणीहरु व्यवस्थापनले तयार गर्ने भएपछि त्यसमा लेखापरीक्षकले आफ्नो कैफियत लेख्ने भन्ने नै मिल्दैन ।

# व्यवहारीक प्रश्नहरु

- आयकर ऐनका केहि लेखा सम्बन्धि नीति र नेपाल लेखामान अनुसारका नीति फरक पर्ने भएकाले के आयकर प्रयोजन र नेपाल लेखामान अनुसार दुइवटा लेखा प्रणाली तयार गर्नु पर्छ ?

होइन, बित्तिय विवरण जहिले पनि नेपाल लेखामान अनुसार तयार गर्नु पर्दछ, तर आयकर प्रयोजनका लागि आय विवरण एवं त्यसमा गरिने समायोजनका लागि छुट्टै विवरण तयार गरिन्छ, लेखा प्रणाली नै दुई वटा भन्ने होइन ।

# लेखा नीति एवं टिप्पणीका केही उदाहरणहरु

# समावेश गरिने विषयहरु

- सामान्यतया:
  - संस्थाको सामान्य जानकारी एवं वित्तीय विवरण संचालक समिति/साझेदार/प्रोप्राइटर आदीबाट स्वीकृत गरिएको मिती
  - वित्तीय विवरण तयार गरिने आधारहरु
  - मुख्य लेखा नीतिहरु जस्तै आम्दानि, खर्च, कर्मचारी सुबिधा एवं दायित्व, स्टक, लगानी, स्थीर सम्पत्ति एवं ह्रासकट्टी, आयकर, नगद/बैंक आदी
  - वित्तीय विवरणमा समावेश सबै मुख्य आइटमहरुको अनुसूची (ब्याख्या सहित)- यो लेखा नीति/टिप्पणी भन्दा अगाडी राख्ने नेपालमा प्रचलन भएपनि लेखा टिप्पणी भित्र ब्याख्या सहित राखिनुपर्ने हो ।

# उदाहरणहरु

- लेखा नीति सम्बन्धि केहि उदाहरणहरु नेपाल ट्याक्स अनलाइनको वेबसाइट (https://nepaltaxonline.com) मा गइ पढ्न एवं डाउनलोड गर्न सकिने छ ।
- नेपाल ट्याक्स अनलाइनमा अडिटर र एकाउन्टेन्टहरुको निम्ति उपयोगी धेरै सामग्रीहरु छन, हेर्न, पढ्न र ग्राहक बन्न नछुटाउनु होला ।

कृपया यो भिडिओलाई सेयर गरी सहयोग गर्नुहोला ।